गजा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**दोश्रो गाउँसभाको चौधौं अधिवेशन बैठक २०८०।७।२३ गतेका प्रस्तावहरु**

१. आ.ब.२०७९/०८० को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा
२. गत आ.ब. ०७९।०८० को आय-व्यय विवरण सम्बन्धमा ।
३. चालु आ.ब.२०८०/०८१ को खर्च विवरण सम्बन्धमा ।
४. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।
५. भुकम्प पिडित सहयोग र समबेदना सम्बन्धमा ।
६. प्राकृतिक पुष्पमाला प्रयोग गर्ने सम्बन्धमा ।

गजा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

**निर्णय न. १.**

प्रस्ताव न. १ माथि छलफल गर्दा लेखा समितिबाट पेश भएको यस गाउँपालिकाको आ.ब.२०७९/०८० को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा यस गाउँसभामा छलफल भई तपशिल बमोजिम निर्णय गरियो ।

**तपशिल**

१.यस सरुमारानी गाँपालिकाको आ.ब. २०७४/०७५ देखी आ.ब. २०७९/०८० सम्मको लेखापरीक्षण प्रतिवेदन र सो लेखापरीक्षण प्रतिबेदनबाट कायम भएको बेरुजु र हाल सम्म संपरिक्षण गरिएको वेरुजु विवरण र बाकी बेरुजु विवरण तपिशल बमोजिम रहेको ब्यहोरा जानकारी गराईयो

**तपशिल**

**प्रतिवेदन अनुसार बाकी बेरुजु र संपरिक्षण**

१. गत वर्षसम्मको बाँकी बेरुजु : १९,९७,०००.००

२. यो वर्ष संपरीक्षण गरिएको बेरुजु : ९,३३६.००

३. यो वर्ष कायम भएको बेरुजु: २,९८,५६,३६७.००

४. हाल सम्मको जम्मा बेरुजु: ३,१८,४४,०३१.००

**आर्थिक वर्ष २०७९।८० को बेरुजु वर्गिकरण:**

- असूल गर्नुपर्ने: ६,१९,२१८.००
- अनियमित भएको : ९९,७०,२२०.००
- प्रमाणका कागजात पेश नभएको: १,०८,६१,१९७.००
- पेश्की बेरुजु: ८४,०५,७३२.००
- जम्मा बेरुजु रकम: २,९८,५६,३६७.००

२. लेखापरीक्षण प्रतिवेदनको दफा ३.१ बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन भनि लेखापरीक्षण प्रतिवेदनमा औल्याइएकोमा सरुमारानी गाउँपालिकाले आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको र क्रमशः कार्यान्वयनलाई थप प्रभावकारी बनाउदै लगिने यस गाउँसभा प्रतिबद्दता गर्दछ ।

३. लेखापरीक्षण प्रतिवेदनको दफा ६.३ बमोजिम कर्मचारी प्रोत्साहन भत्ता : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता वापत रु १,५३,०५३.०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको भनि लेखापरिक्षण प्रतिबेदनमा उल्लेख भएकोमा उक्त प्रोत्साहन रकम असाढ महिनामा कार्यालयसमय भन्दा अतिरिक्त समयत तथा सार्वजिनिक विदाको दिनमा समेत काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप हाजिरी तथा कार्यसम्पदान सूचक प्रमाणित गरी अर्थमन्त्रालयको नर्म्स बमोजिम पालिकाले खर्च लेखेकाले आगामी दिनमा यस्तो प्रकारको खर्च लेख्दा कार्यविधि निर्माण गरी कानून बमोजिम मात्र खर्च गर्ने अन्यथा खर्च नगर्ने प्रतिवद्धता गर्दै उक्त बेरुजु रकम रु. १,५३,०५३.०० सम्परीक्षण गर्ने निर्णय गरियो ।

४. लेखापरीक्षण प्रतिवेदनको दफा १० बमोजिम आर्थिक सहायता : स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एंव संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ७,५७,०००.०० आर्थिक सहायता वितरण गरेका जनाएतापनि अन्य विभिन्न शिर्षकबाट समेत आर्थिक सहायता गरेको र सो को एकीकृत अभिलेख नराखेकाले यस सम्बन्धमा एकिन हुन सकिएन । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ भनि औल्याईएकोमा यस गाउँपालिकाले राजनैतिक कार्यकर्ता जस्ता ब्यक्तिहरुलाई आर्थिक सहायता वितरण नगरी दिर्घरोगी, उपचार गर्न नसक्ने, अति विपन्नन परिवार तथा असाहय परिवारलाई कार्यविधिहरु वनाएर निश्चित मापदण्डका आधारमामात्र खर्च लेखेकोछ । उल्लेखित आर्थिक सहायता सम्बन्धी खर्चहरु नियन्त्रण गरी उक्त रकम विकास निर्माण तथा आर्थिक विकास हुने क्षेत्रमा खर्च गरिनेछ । यस सम्बन्धमा गाउँकार्यपालिका तथा बजेट तथा योजना तर्जुमा समितिलाई सुझाव दिनुका साथै यस्तो प्रकारको खर्च नियन्त्रण गर्ने प्रतिवद्धता सहित सम्परीक्षण गर्ने निर्णय गरीयो ।

५. लेखापरीक्षण प्रतिवेदनको दफा १२ बमोजिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले श्री जनता माध्यामिक विद्यालय बड्डाँडालाई दिएको पेश्की रकमा रु. ३४,०५,७३२.०० आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेको देखिन्छ । फस्यौंट गर्न बाँकी रहेकोले उक्त म्याद नाघेको पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने भनि रहेकोमा यस सम्बन्धमा जनता मा. वि. बड्डाँडा प्यूठानले पेश्की

फस्यौंट सम्बन्धी प्रमाणका सम्पूर्ण कागजात पेश गरि सकेकाले उक्त बेरुजु रकम रु. ३४,०५,७३२.०० सम्परीक्षणका गर्ने निर्णय गरियो ।

६. लेखापरीक्षण प्रतिवेदनको दफा १५ बमोजिम शिक्षकको तलब भत्ता– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई समानीकरण अनुदानबाट रु ३३,५८,३२० हजार तलब भत्ता भुक्तानी गरेको पाईयो । शसर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा समानीकरण शीर्षकबाट खर्च लेखेको अनियमित देखिएको **भनि रहेकोमा आगामी दिनमा सबै शिक्षकलाई आन्तरिक श्रोतबाट तलब भत्ता भुक्तानी गर्ने प्रतिवद्धता सहित उक्त बेरुजु रकम रु. ३३,५८,३२०.०० रकम सम्परीक्षण गर्ने निर्णय गरियो ।**

७. लेखापरीक्षण प्रतिवेदनको दफा १७ बमोजिम लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकिकरण गर्न वनेको ऐन, २०७६ को दफा ४(२) मा स्थानीय तहले सवारी साधन उपलब्ध नगराएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउने व्यवस्था छ । पालिकामा गाडी उपलब्ध रहेको र सो को प्रयोग गाउँपालिका अध्यक्षवाट नै हुने भए तापनि गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्माले अनुसूची बमोजिमको मासिक रु.१२,००० का दरले रु १,४४,००० यातायात खर्च वुझिलिएको देखियो । यसरी सवारी साधन उपलव्ध भएको अवस्थामा पदाधिकारीले यातायात खर्च लिनु नियमसंगत नदेखिएको रहेकोमा यस सम्वन्धमा गाउँपालिकामा रहेको चार पाङ्ग्रे सवारी सधान पालिका अध्यक्षले सुविधा लिएको अवस्थामा प्रयोग गर्नु नियमसंम्मत देखिएन **भनि उल्लेख रहेकोमा गाउँपालिकाका अध्यक्षले आ.ब. २०७९।०८० मा कार्यालयको कामको शिलशिलामा पालिका बाहिर जानुपर्दा बाहेक अन्य प्रयोजनमा सरकारी सवारी साधन प्रयोग नगरेको र आर्थिक वर्ष २०८०।०८१ को श्रावण महिना देखि नै गाउँपालिका अध्यक्ष श्री झगबाहादुर विश्वकर्मालाई यातयात सुविधा भुक्तानी नगरेको कागजात पेश भएकाले उक्त बेरुजु रकम रु. १,४४,०००.०० सम्परीक्षण गर्ने निर्णय गरियो ।**

८. लेखापरीक्षण प्रतिवेदनको दफा १९ बमोजिम लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी राख्न नहुने उल्लेख छ । तर पालिकाले सचिवालय सहयोगी शान्तराज आचार्य र पार्वती मल्ल जि.सी लाई नियुक्ति गरी जम्मा रु ४,१६,००० खर्च लेखेको अनियमित देखिएको भनि

उल्लेख भएकोमा यस गाउँपालिकाले नेपाल सरकारले उपलब्ध गराएको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी नुमूना निर्देशिकालाई नै यस गाउँपालिकाले स्वीकृत गरी सो कार्यविधिको परिच्छेद ११ को दफा १८ मा व्यवस्था भए बमोजिमको सुविधा भन्दा कम सेवा सुविधा दिई सचिवालयमा स्विकीय सचिव नभई सचिवालय सहयोगी (कार्यालय सहयोगी) कर्मचारीको रुपमा करार सम्झौता गरिएकोले यस सम्बन्धमा आर्थिक वर्ष २०८०।०८१ देखि गाउँपालिकाको उल्लेखित पदमा कुनै पनि कर्मचारीलाई नराखिएको तथा यस पश्चयात नराख्ने प्रतिवद्धताका साथ उक्त बेरुजु रकम रु. ४,१६,०००.०० सम्परीक्षण गर्ने निर्णय गरियो ।

९. लेखापरीक्षण प्रतिवेदनको दफा २६ बमोजिम यस परियोजनाको मुख्य लक्ष्य गरिबी निवारणका दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिबृद्धी गर्नु, सुधारिएको बाखा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट वाखाको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बाखा बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ । परियोजनाको मुख्य गतिविधिहरुमा पशु खरिद तथा ढुवानी, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र आदि रहेकाछन् । सरुमारानी कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ४,२०,००,००० को लागत साझेदारीमा मिति २०८० असार १५ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७८।०२।११ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७५% ले हुने रकम रु ३,१५,००,००० पालिकाले र बाँकी २५% ले हुने रकम रु १,०५,००,००० पालिकाले व्यहोर्ने व्यवस्था रहेको छ । यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०७९।८० मा रु ९१,२४,२४१ भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

(क) कानुनी व्यवस्थाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७९ बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चारत सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म

पेश्की दिन सकिने व्यवस्था छ। पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत भएन ।

(ख) पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य ग्रामिण विकास समाज नेपाल मार्फत गराएको छ । हेफर नेपाल संस्थावाट ग्रामीण विकास समाज नेपाल संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।

(ग) सम्झौताको बुदा न ९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

(घ) कार्यक्रमको उपलब्धी तथा मापदण्ड : सम्झौताको वुँदा नं. ८ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन । उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन । वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

(ङ) वजेट खर्च र कर्मचारी परिचालन : पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयका कर्मचारीहरु परिचालनबाट गराएको हुनु पर्दछ । पालिकाले यस कार्यक्रमवाट कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै गराउन सक्नेमा कर्मचारीहरुवाट नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन । अत : कार्यालयका कृषि शाखा तथा पशु शाखामा कार्यरत कर्मचारीहरुलाई प्रभावकारी रुपमा उपयोग गरिनु पर्दछ ।

(च) विल विजक : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर

दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ । त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई ९१२४२४१ भुक्तानी गरेको र हेफर प्रोजेक्टले ग्रामीण विकास समाज नेपाल मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले विजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले २५ प्रतिशत योगदान गर्ने र ७५ प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

(छ) भुक्तानीमा सिफारिश : सरुमारानी गाउँपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को वुँदा नं. १७ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गाराउनु पर्ने व्यवस्था छ । कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन ।

(ज) अनुगमन मूल्यांकन र भुक्तानी : सरुमारानी गाउँपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ को वुँदा नं. ९ मा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था छ । कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई पेश्की दिई कार्यसम्पन्न भएको छ । जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न । पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन ।

**यस दफामा औंल्याईएको उल्लेखित सैद्धान्तिक बेरुजु तथा सुझाव कार्यान्वयन गर्न गाउँकार्यपालिका तथा गाउँसभा प्रतिबद्धता गर्दछ ।**

१०. लेखापरीक्षण प्रतिवेदनको दफा ३२ सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने विल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले नेपाल रेडक्रस सोसाईटी रक्तसंचार सेवा प्यूठानलाई रु. १,५०,०००.०० भुक्तानी गर्दा आवश्यक कागजातहरु संलग्न नभएकाले प्रमाण पेश गर्नुपुर्ने अन्यथा असुल हुनुपर्ने भनि उल्लेख भएकोमा उक्त नेपाल रेडक्रस सोसाईटी रक्तसंचार सेवा प्यूठानलाई निकासा भएको रकमको खर्चको बिल भरपाई पेश गर्न पत्राचार भएकोमा नेपाल रेडक्रस सोसाईटी रक्तसंचार सेवा प्यूठानले खर्च पुष्टी गर्ने कागजात पेश गरेकोले उक्त बेरुजु रकम रु. १,५०,०००.०० सम्परीक्षण गर्ने निर्णय गरियो ।

११. लेखापरीक्षण प्रतिवेदनको दफा ३४ बमोजिम पकेट विकास कार्यक्रमहरु : प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७. १ बमोजिम तोकिएको पकेटमा सञ्चालन हुने क्रियाकलापहरुका लागि कृषि उत्पादन समाग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत) मा बढिमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढिमा ८५ प्रतिशत, कृषि औजार तथा उपकरणहरुमा बढिमा ५० प्रतिशत, साना सिचाइ पूर्वाधारहरुमा बढिमा ८५ प्रतिशत, उत्पादनोपरणान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुविधा दिन सकिने व्यवस्था रहेकोमा पालिकाबाट तोकिएको पकेटमा सञ्चालित क्रियाकलापहरुमा म्यानुअलमा उल्लेखित व्यवस्था विपरित कृषकको कम लागत साझेदारी भई पालिकाबाट रु ९,७९,८२५ बढी सुविधा दिई थप व्ययभार परेको भनी उल्लेख रहोमा यस आर्थिक वर्ष २०८०।०८१ देखि पकेट विकास कार्यक्रमहरुमा म्यानुअल/ कार्यक्रम संचालन पुस्तिका बमोजिम नै साझेदारीमा कार्यक्रम संचालन गर्ने निर्णय भई कार्यान्वयन समेत भएको हुँदा यस पश्चयता कार्यक्रम कार्यान्वयन पुस्तिका एंवम कार्यविधि बमोजिम साझेदारी गराइ कार्यक्रम संचालन गर्ने प्रतिवद्धता गर्दै उक्त बेरुजु रकम रु. ९,७९,८२५.०० सम्परीक्षण गर्ने निर्णय गरियो ।

१२. लेखापरीक्षण प्रतिवेदनको दफा ३६ बमोजिम राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ विद्यालय (श्री श्रमरानी मावि बुढीचौर र श्री नेपाल रा.आ.वि हंसपुर ) मा डिजिटल आइटि ल्याब स्थापना गर्नका लागि बजेट विनियोजन भएकोमा पालिकाले विद्यालयमा निकासा गरेकोमा दुवै विद्यालयले रु ६,४९,०००।०० का दरले रु १२,९८,०००।०० मा खरिद वापत भुक्तानी दिएकोमा खरिद भएका सामानहरुको मोडेल तथा स्पेशिफिकेसन खुलाएको पाईएन। साथै उक्त कार्यको अनुगमन गरी दुवै विद्यालयमा जडान र संचालन तथा स्पेशिफिकेसन अनुसार भए नभएको फोटो सहितको पेश गर्नुपर्नेमा गरेको पाईएन । दुई वटा विद्यालयकै फरर्यौट एउटै फोटो संलग्न भएको पाईयो ।खरिद भएका सामाग्रीहरुको दररेट समेत मितव्ययी भएको सम्बन्धमा यकिन हुनुपर्दछ । यस सम्वन्धमा पुष्टयाई पेश हुनुपर्ने भनि उल्लेख भएकोमा यस सम्बन्धमा अनुमगन

गज बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

गरी कार्यसम्पन्न प्रतिवेदन एंवम स्पेशिफिकेसन भेरिफिकेसन टेस्ट रिपोर्ट सहितका कागजात पेश भएकाले उक्त बेरुजु रकम रु.१२,९८,०००.०० सम्परीक्षण गर्ने निर्णय गरियो ।

१३. लेखापरीक्षण प्रतिवेदनको दफा ३७ बमोजिम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा देहायनुसारका सामाग्रीहरु खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा कोटेशन माग गरी सोझै खरिद गरेकोमा अधिकांश खरिद तथा निर्माण कार्य असार मसान्तमा बजेट खर्च गर्ने प्रयोजनले गरेको देखिन्छ । वर्षान्तमा हुने निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने हुन्छ । त्यसैले पालिकाले खरिद योजना बमोजिम चौमासिकगत रुपमा खर्च गर्नुपर्दछ भनि उल्लेख गरेकोमा यस सम्बन्धमा गाउँकार्यपालिकाले पूर्वानुमान योग्य वार्षिक स्वीकृत कार्यक्रम तथा वार्षिक खरिद योजना बनाई कार्ययोजना अनुरुप कार्यक्रम संचालन गरिनुपर्दछ । चौमासिक रुपमा कार्यक्रम विभाजन गरी स्वीकृत कार्यक्रम समयमै सम्पन्न गरी वार्षिक खरिद योजना बनाई प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम खरिद लाई प्रतिस्पर्धी तथा मितव्ययी बनाउन सोझै खरिदलाई निरुत्साहित गर्न गाउँकार्यपालिकालाई सुझाव दिने तथा प्रतिवद्धता गराउने निर्णय गरियो ।

१४. लेखापरीक्षण प्रतिवेदनको दफा ३९ बमोजिम आर्थिक ऐन २०७९ को अनुसूचि १ को दफा १५ को उपदफा २ अनुसार स्वीकृत प्राप्त निजी वा सामुदायिक अस्पताल तथा स्थानीय तहले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा तथा उपदफा २अ मा यस उपखण्ड बमोजिम स्थानीय तहले पैठारी गर्ने एम्बुलेन्सको मूल्य अधिकत्तम सोह्र लाखको हुनुपर्ने उल्लेख रहेकोमा यस पालिकाले सोह्र लाख भन्दा बढी मूल्यको Mahindra Bolero Ambulance ४WD एम्बुलेन्स अग्नी इन्कर्पोरेटेड प्रा.लिबाट/संग रु २० लाखमा खरिद गरेकोले आर्थिक ऐन विपरित खरिद कार्य गरेको नियम सम्मत नदेखिएको भनि उल्लेख भएकोमा स्वास्थ्य संवेदनशिल विषय भएकाले स्थानीय तहले खरिद गर्ने एम्बुलेन्स राजश्व छुट सम्बन्धी मापदण्ड, २०७५ बमोजिम, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।०७।१२ को च.नं. १८४ को परिपत्र, राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ एंवम स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशको सिफारिस र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको राजश्व छुट सम्बन्धी पत्र/सिफारिस बमोजिम खरिद गरीएकोले यस गाउँपालिकाले आर्थिक अनियमितता नगरेकोले आगामी वर्षहरुमा यस्ता प्रकारका राजश्व छुट सम्बन्धी सवारी साधन खरिद गर्दा आर्थिक ऐन बमोजिम हुने गरी खरिद गर्ने प्रतिवद्धता गर्दै उक्त बेरुजु रकम रु. २०,००,०००.०० सम्परीक्षण गर्ने निर्णय गरियो ।

गज बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

१५. लेखापरीक्षण प्रतिवेदनको दफा ४० बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा – टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज वनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा पालिकाले यो वर्ष फर्निचर सामाग्री खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको नियमानुसार देखिएन । पालिकाले खरिद नियमावली अनुसारको खरिद योजना बनाई तथा प्रक्रिया पुर्याई प्रतिष्पर्धात्मक रुपले मितव्ययी हुने गरी खरिद कार्य गर्नुपर्दछ भनि रहेकोमा आर्थिक वर्ष २०८०।८१ बाट सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम प्रतिष्पर्धा तथा मितव्ययी एंवम सार्वजनिक खरिद ऐनको मर्म बमोजिम हुने खरिद गर्न गाउँकार्यपालिकालाई सुझाव तथा प्रतिवद्ध वनाउने निर्णय गरियो ।

१६. लेखापरीक्षण प्रतिवेदनको दफा ४६ बमोजिम लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को दफा २१ मा तालिम मितव्ययी हुनुपर्ने उल्लेख छ । संघ विशेष अनुदान विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रम तर्फ यस वर्ष प्रत्येक वडामा तालिम संचालन गरेकोमा प्रत्येक तालिमा सोही मितिमा २ पटक गरेको पाईयो । उद्यम विकास कार्यक्रमबाट समेत सिलाई कटाई सम्बन्धि तालिम भएकोले पालिकाले एकै प्रकृतिको तालिम सबै वडामा २ पटक भएकोले दोहोरोपना हुन सक्ने देखिन्छ । भनि उल्लेख भएकोमा उक्त तालिम संचालनका लागि वडाहरुमा पर्यासमात्रामा हलकोठा नभएको, प्रशिक्षकहरुको अभाव भएको तालिम संचालन गर्ने एउटै समय निर्धारण नभई दुई वटा प्याकेजमा (बिहान ७:३० -१२:३० सम्म एक प्याकेज र दिउसो १ बजे देखि ६ बजेसम्म अर्को प्याकेज) गरी तालिम संचालन गर्नु पर्ने बाध्यता रहेकोले आर्थिक अनियमितता नभएको र दोहोरोपना पनि नपरेको ठहर भएकाले यस आर्थिक वर्ष २०८०।०८१ बाट यस्ता प्रकारका कार्यक्रमहरु प्याकेजिङ्ग गरी तथा एकै कार्यक्रम बनाई समान प्रकृतिका कार्यक्रमहरुलाई एउटै कार्यक्रम बनाई संचालन गर्ने प्रतिवद्धता गर्दै उक्त बेरुजु रकम रु. ३,६२,२७५.०० सम्परीक्षण गर्ने निर्णय गरीयो ।

१७. लेखापरीक्षण प्रतिवेदनको दफा ४८ बमोजिम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट तथा उपभोक्ता समितिबाट भएका देहाय अनुसारका कार्यमा स्मृति विशाल कन्स्ट्रकसन सेवा मूअकर दर्ता नं ६०४८५२३३३ लाई विभिन्न पटक भुक्तानी

भएकोमा फरक ढाँचाका र रंगका तथा एउटै नम्बर भएका विजक प्याड प्रयोग गरेको पाईएकोले निर्माण व्यवसायीको विल पेश भएकोले उक्त विलहरुमा दोहोरोपना हुन सक्ने भएकोले पालिकाले उपभोक्ता समितिको भुक्तानी गर्दा चेक जाँच गरी मात्र भुक्तानी गर्नुपर्ने तथा मूअकर ऐन बमोजिम मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु ५,०१,७३९.०० रहेकोमा उक्त निर्माण व्यवसायी बाट आन्तरिक राजश्व कार्यालय तुलसीपुर दाङ्गको मिति २०८०।०७।१९, च.नं. ३१८ को पत्रबाट मु अ कर समायोजन प्रमाण पेश भएकाले सम्परीक्षणको लागि पेश गर्ने निर्णय गरीयो ।

१८. लेखापरीक्षण प्रतिवेदनको दफा ३९ बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले निर्माण बाहेक वस्तु खरिद सम्बन्धि कार्य समेत उपभोत्ता समितिसँग गराएको पाइयो । पालिकाले भौ नं ३०।०८०।२।१४ बाट खोरिया टोल विच बाटो हुदै सरस्वती मावि फोर्सावाङ विद्युत विस्तार योजनाको कार्यका लागि चाहिने विद्युतीका सामाग्री तथा जडान सम्बन्धि कार्यको लागि पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी रु १३,९४,११२।०० को कार्य गराई रु १२,५३,९३६।०० भुक्तानी गरेको पाईयो । उक्त भुक्तानी मध्ये उपभोक्ता समितिले रु १२,३०,७४१।०० एरिक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लिलाई गरेको पाईयो । उक्त योजनाको विद्युतीय विस्तार गरी टेस्टिंग तथा संचालन भएको समेत पेश भएन । पालिकाबाट कानुन प्रतिकुल हुने निर्णय गरी वस्तु खरिदका कार्यहरु उपभोक्ताबाट गरेको नियमित नदेखिएको रु १३,५३,९३६.०० रहेकोमा निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने वा लाभग्राहीको प्रत्यक्ष संलग्न हुने रोजगारी सिर्जना हुने जस्ता कार्यहरु मात्र उपभोक्त समितिबाट गराई यस्ता प्राविधिक जटिका कार्यहरु सार्वजनिक खरिद ऐन नियमावली बमोजिम गर्ने प्रतिवद्धता गर्दै उक्त बेरुजु रकम रु. १३,५३,९३६.०० रकम सम्परीक्षण गर्ने निर्णय गरियो ।

१९. लेखापरीक्षण प्रतिवेदनको दफा ५४ बमोजिम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट तथा उपभोक्ता समितिबाट भएका देहाय अनसारका कार्यमा जि सी निर्माण सेवा मूअकर दर्ता नं ६०९६५९९६० लाई विभिन्न पटक भुक्तानी भएकोमा एउटै नम्बर भएका कर विजक दुई वटा जारी गरेको पाईएको छ । यस्ता निर्माण व्यवसायीलाई मूअकर ऐन तथा कर कानुन वमोजिम कार्वाही समेत गर्नुपर्दछ । पालिकाका उपभोक्ता समितिका देहायका अन्य योजनामा समेत उक्त निर्माण व्यवसायीको विल पेश भएकोले उक्त विलहरुमा समेत दोहोरोपना हुन सक्ने भएकोले पालिकाले उपभोक्ता समितिको भुक्तानी गर्दा चेक जाँच गरी मात्र

भुक्तानी गर्नुपर्ने तथा मूअकर ऐन बमोजिम मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. ४,०३,५२४.०० रहेकोमा कर समायोजन पत्र पेश गर्न पत्राचार गर्ने निर्णय गरियो ।

२०. लेखापरीक्षण प्रतिवेदनको दफा ५६ बमोजिम कार्यालयले सम्झौताको दफा ५६.२ निर्माण व्यवसायीहरुसँग गरेको सम्झौतामा कार्य स्वीकार भएको मितिले १ महिनाभित्र एज विल्ट नक्शा पेश गर्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौटवाट परीक्षण गर्दा NCB १३/७८/७९ बड्डाडा बजारक्षेत्र कालोपत्रे कश्यप निर्माण सेवा ठेक्काको एजविल्ट नक्शा पेश नगरेकोले सम्झौता अनुसारको रकम रोक्का राखी उक्त नक्सा पेश गर्न लगाउनु पर्ने रु.१,००,०००.०० रहेकोमा उक्त निर्माण व्यवसायीले एजविल्ट नक्शा पेश गरेकोले सम्परीक्षणको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

२१. लेखापरीक्षण प्रतिवेदनको दफा ६२ बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । त्यसैगरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाले बाह्रो संशोधन नियम १२०क अनुसार देहायको निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन पेश गरेकोमा उचित कारण नभई पूर्वानुमान गर्न सकिने कार्य तथा म्याद थप गर्नकै लागि तिनै ठेक्कामा कार्यपालिकाले २०७८।७९ मा नै सम्पन्न हुनुपर्ने निम्न योजनाहरु २०७९ असार मसान्तमा कार्यसम्पन्न तथा अन्तिम भुक्तानी नभएकोले मिति २०७९।३।२१ को कार्यपालिका बैठकमा देहाय अनुसार भेरिएसन गरी थप व्ययभार पारेको तथा भेरिएसन अर्डर जारी गरेको नियम सम्मत नदेखिएको रु १३,०२,८११.०० भनि उल्लेख रहेकोमा समयमै उल्लेखित विषयको निर्णय कार्यालयबाट भएको टिप्पणीआदेश कार्यालयमा लेखापरिक्षण पश्चायत प्राप्त भएकोले उक्त बेरुजु रकम रु. १३,०२,८११.०० सम्परीक्षण गर्ने निर्णय गरीयो ।

२२. लेखापरीक्षण प्रतिवेदनको दफा ६३ बमोजिम सरुमारानी गाउँपालिका जस्तापाता वितरण कार्यविधि, २०७७ को दफा ४क मा खरको छानोबाट जस्तापाताको छानामा रुपान्तरण गर्न चाहने व्यक्तिहरुले सम्बन्धित वडा कार्यालय मार्फत अनुसूचि १ बमोजिम दरखास्त माग गर्नुपर्ने, ४ख मा तोकिएको सिमा भित्र आएका दरखास्तहरुलाई विश्लेषण तथा अद्यावधिक गरी वडा समिति मार्फत आएको प्रतिवेदन प्रमुख प्रशासकिय अधिकृतले कार्यपालिकामा पेश गर्नुपर्ने, ४ग मा गरिब, दलित, असहायलाई प्राथमिकता दिनुपर्ने, दफा ५ बमोजिम नागरिक्ता, जग्गा धनी प्रमाणपुर्जा, छानो हटाई जस्तापाताले छाउन तयार भएको प्राविधिक इस्टिमेट, सम्बन्धित वडा अध्यक्षबाट प्रमाणित भएको सम्वन्धित परिवारको खर, पराल, चित्रा वा स्याउलाको छानो भएको फोटो र कार्यसम्पन्नको सिफारिस र सरुमारानी गाउँपालिकाको सहयोगमा छानामा छाएको फोटो देखे गरी कार्यालयमा

